# चौतारा नगरपालिकाको कार्यालय

# चौतारा , सिन्धुपाल्चोक

## सौर्य सडक बत्ती जडान सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७३/११/०६

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय को ससर्त अनुदान , नगरपालिका र उपभोक्ता को समेत सहभागितामा आधारित सौर्य सडक बत्ति कार्यक्रम को कार्यान्वयन गर्न श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय द्वारा तोकिदिएको प्राबिधिक स्पेसिफिकेशन पुरा गर्न सक्ने, बैकल्पिक उर्जा प्रबर्धन केन्द्र खुमलटार, ललितपुरमा सुचिकृत कम्पनीहरुबाट सौर्य सडक बत्ति जडान गर्न निम्न सर्तहरुको अधीनमा रही रीतपुर्बकको सीलबन्दीबोलपत्र आह्वान गरिएको छ |

शर्तहरुः-

१. बोलपत्रफारम रु ३,०००|– (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा मिति २०७३/१२/०५ गते **सम्म** कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७३/१२/०६ गते दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । **फर्मले प्राबिधिक एबम आर्थिक प्रस्ताब छुट्टाछुट्टै सिलबन्दी गरि पेश गर्नुपर्नेछ |** दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पूग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनुपर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्रदाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको **नेपाल बैंक लिमिटेड** चौतारा शाखा को धरौटी खाता नं. **०५७०३००००००००००००३८७** मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यताप्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको **नेपाल बैंक लिमिटेड** चौतरा शाखा को धरौटी खाता नं. **०५७०३००००००००००००३८७** मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ (बाह्र) महिना म्याद भएको मान्यताप्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धित ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भएवमोजिम हुनेछ ।

११. बोलपत्र दाताले प्राविधिक तथा आर्थिक प्रतिवेदन छुट्टाछुट्टै सिलवन्दी गरि एकै खाममा दुवै प्रतिवेदन राखी सिलवन्दी गरि पेश गर्नु पर्ने छ।

१२. प्राविधिक प्रस्तावना पास हुने बोलपत्रदाताको मात्र आर्थिक प्रस्तावना खोलिने छ ।

१३. थ्प जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

सिलवन्दी बोलपत्र सम्बन्धी कार्यको विवरण निम्नानुसार छ :

| सि.नं. | वोलपत्र नं. | आयोजनाको नाम | जडान गर्नुपर्ने सौर्य सडक बत्ती संख्या | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **MoFALD /CMSL/ 2073-74/01** | Supply, Delivery, Installation, Testing , Commissioning and after sales services of Solar Street Light System at various location of Chautara Municipality as per Specification. | ३१ (एकतीस) | ८५,०००|- | ३००० |- | |

कार्यकारी अधिकृत

चौतारा नगरपालिका